कृषि तथा वन विज्ञान विश्वविद्यालय
**परीक्षा नियन्त्रण कार्यालय**
रामपुर, चितवन

फोन नं.०५६-५९२४०४

प.नि.का.च.नं.......................२०७४/०७५

मिति: २०७५।०३।२७

# परीक्षा आवेदन फाराम भर्ने सूचना

कृषि तथा वन विज्ञान विश्वविद्यालय, वन विज्ञान संकाय अन्तर्गत शैक्षिक सत्र २०७१।०७२ मा सञ्चालित M.Sc. Forestry मा भर्ना भई चतुर्थ सेमेष्टरमा अध्ययनरत विद्यार्थीहरुले उक्त सेमेष्टरको नियमित परीक्षा (Regular Examinations) मा सम्मिलित हुन २०७५ साल श्रावण २८ गते देखि भाद्र ०३ गते सम्म नियमित शुल्क र तत्पश्चात २०७५ साल भाद्र ०४ गते देखि भाद्र ०६ गते सम्म विलम्व शुल्कमा परीक्षा आवेदन फाराम भरी कार्यालय समय भित्र सम्बन्धित संकाय डीनको कार्यालयमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । परीक्षा आवेदन फाराम सम्बन्धित संकाय डीनको कार्यालयवाट प्राप्त हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

शर्तहरु :

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सवै भरिएंको हुनु पर्नेछ । आवेदन फाराममा परीक्षार्थीहरुको हालसालै खिचेको अनुहार र दुवै कान प्रष्ट देखिने पासपोर्ट साइजको फोटो २ (दुई) प्रति टांसिएको हुनु पर्नेछ ।

२. नियमित परीक्षाको हकमा परीक्षा शुल्क रु. १०००।- र परीक्षा आवेदन फाराम शुल्क रु. १००।- का दरले बुझाउनु पर्नेछ । तोकिएको अवधिमा फाराम नभरेमा निम्न वमोजिम विलम्व शुल्क लाग्नेछ ।

| | |
|---|---|
| २०७५ साल भाद्र ०४ गते | रु. ३००।- |
| २०७५ साल भाद्र ०५ गते | रु. ५००।- |
| २०७५ साल भाद्र ०६ गते | रु. १,१००।- |

३. परीक्षा शुल्क र परीक्षा आवेदन फाराम शुल्क तोकिएको समयमा बुझाई परीक्षा आवेदन फाराम भरिसकेका तर तोकिएको म्याद भित्र उक्त फाराम नबुझाएमा रु. ११००।- विलम्व शुल्क बुझाए पछि मात्र फाराम बुझिलिइनेछ ।

४. आन्तरीक मूल्यांकन परीक्षामा अनुतीर्ण परीक्षार्थीहरु अन्तिम परीक्षामा सम्मिलित हुन पाउने छैनन् । परीक्षार्थीहरुको प्राप्ताङ्क परीक्षा आवेदन फाराममा सम्बन्धित संकायले अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

५. प्रवेश पत्र **(Admit Card)** परीक्षा शुरु हुनु २ (दुई) दिन अगावै सम्बन्धित संकायबाट उपलब्ध गराइनेछ ।

६. अन्य विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालय, रामपुर, चितवन / हेटौंडा, मकवानपुरमा संम्पर्क राख्नुहोला ।

७. परीक्षाको समय तालिका पछि प्रकाशित गरिनेछ र साथै कृषि तथा वन विज्ञान विश्वविद्यालयको **Website : www.afu.edu.np** वाट पनि हेर्न सकिनेछ ।

.............................

प्रा.नारायण राज जोशी
परीक्षा नियन्त्रक

वेभसाइट : www.afu.edu.np सम्पर्क कार्यालय फोन नं. ०१-४१०६२४७, फ्याक्स नं. ०१-४१०६२२४८ पो.व.नं. १३७१२
विनायक, ध्रुवमार्ग, मीनभवन, काठमान्डौ ।